स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही कात्तिक ३० गतेलाई प्रदर्शन मिति घोषणा गर्दै गीतदेखि ट्रेलरसम्म सार्वजनिक भइसकेको फिल्म “केटी हराएको सूचना” अब पूर्वनिर्धारित मितिमा नआउने भएको छ । शुक्रबार निर्माण कम्पनी ट्राई सिटी पिक्चर्सले एक विज्ञप्ति जारी गर्दै फिल्मको प्रदर्शन स्थगित गरिएको जनाएको छ। लक्ष्मीपूजाबाट आएको फिल्म “पूर्ण बहादुरको सारङ्गी”ले अभूतपूर्व व्यापार गरेपछि “केटी हराएको सूचना”ले रिलिज स्थगन गरेको हो।

**आजको विचार...**



श्रम...

*(दुई पेजमा)*

डा. होमनाथ गैरे

दुई दशकअघिको चर्चित सिरियल “मदनबहादुर-हरिबहादुर”मा अभिनेता हरिवंश आचार्यले निर्वाह गरेको हरिबहादुरको चरित्रमा आधारित भएर बन्न लागेको फिल्म “हरिबहादुरको जुत्ता”मा कलाकारको “लाइनअप” बलियो बनेको छ । यसमा हरिवंश स्वयं शीर्ष भूमिकामा देखिँदैछन् भने गायक प्रकाश सपूतको पनि अभिनय रहनेछ । अब मुख्य अभिनेत्रीमा स्वस्तिमा खड्का भित्रिएकी छन् । शुक्रबार निर्माता सरोज ओलीले स्वस्तिमासँग कागजी सम्झौता गरेका हुन् ।



❒ वर्ष ३० ❒ अंक १०७ ❒ २०८१ कार्तिक २५ गते आइतबार 10 November 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### विस्फोटमा १७ जनाको मृत्यु



(रासस/एएफपी)

**पाकिस्तान,** कार्तिक २४/पाकिस्तानको बलुचिस्तान प्रान्तको क्वेटा रेलवे स्टेसनमा शनिबार भएको विस्फोटमा परी कम्तीमा १७ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको प्रहरी तथा चिकित्सकले बताएका छन् ।

क्वेटा रेलवे स्टेसनमा विस्फोटमा घाइते भएका ४६ जनालाई उपचारको लागि स्थानीय अस्पतालमा लगिएको बताउदै मृतकको संख्या अझै बढ्न सक्ने प्रहरी महानिरीक्षक मोअज्जम जाह अन्सारीले बताएका छन् । अफगानिस्तान र इरानको सिमानामा रहेको बलुचिस्तान प्रान्तको राजधानीमा स्थानिय समय अनुसार बिहान ८:४५ बजे रेलले यात्रुहरूलाई पर्खिरहेको समयमा विस्फोट भएको स्रोतले जनाएको छ । पछिल्लो समयमा आतङ्कवादीहरूले विदेशी वित्तपोषणको आधारमा ऊर्जा परियोजनालाई लक्षित गरी विस्पोटका घटनाहरु बढाउदै आएको जनाइएको छ । गत अगस्टमा भएका दर्जनौं आक्रमणको जिम्मेवारी बीएलएले लिएको थियो जसले कम्तीमा ३९ जनाको ज्यान लिएको थियो ।

# दुई वर्षपछि भैरहवामा रौनक

## हुन थाल्यो धमाधम अन्तर्राष्ट्रिय उडान

हाम्रा संवाददाता

**भैरहवा,** कार्तिक २४/भैरहवा विमानस्थल सञ्चालनमा आएको दुई वर्षपछि रौनक छाएको छ । एकै पटक धेरै कम्पनीले अन्तर्राष्ट्रिय उडान थालेपछि यहाँ रौनकता छाएको हो ।

शनिबार मात्र तीनवटा अन्तर्राष्ट्रिय एयरलाइन्सले उडान गरेका छन् । निर्माण सम्पन्न भएको लामो समयपछि यो विमानस्थलमा एकै नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स), जजिरा एयर र फ्लाई दुबईले अन्तर्राष्ट्रिय उडान गरेका हुन् । शनिबार कुवेतको जजिरा एयरवेजले उडानको सुरुवात गरेको छ । विमानस्थल सञ्चालनपछि पहिलो अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीको रुपमा व्यवसायिक उडान थालेर प्राविधिक कारण देखाउँदै उडान स्थागित गरेको जजिराले पुन: कुवेत-भैरहवा सिधा उडान सुरु गरेको छ । शनिवार बिहान ७:४० बजे एक सय ७१ यात्रुसहित भैरहवा विमानस्थलमा अवतरण गरेको जजिराले १ सय ६८ यात्रु लिएर कुवेत प्रस्थान गरेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी विनोदसिंह राउतले जानकारी दिए ।




उनका अनुसार संयुक्त अरब इमिरेट्स (युएई)को फ्लाई दुबईले पनि उडानको सुरुवात गरेको छ ।

शनिवार दिउँसो २:३५ बजे १५९यात्रुसहित भैरहवा विमानस्थलमा अवतरण गरेको फ्लाई दुबई १५९ मध्ये १० जना भैरहवाओर्लिएको र पुन बाँकी १४९ यात्रुसहित भैरहवाबाट काठमाडौं प्रस्थान गरेको रत्यहाँबाट दुबई जाने तालिका रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ । विमानस्थलमाअवतरण भएका उडानलाई पानीको फोहोराले स्वागत गरिएको थियो । यसअघि थाइल्याण्डको वायुसेवा कम्पनी थाइ एयर एशियाले नियमित उडान सुरु गरिसकेको छ भने शनिवार एकै दिन जजिरासहित नेपाल एयरलाइन्स र फ्लाई दुबाईले उडान गरेको जनाइएको छ ।

*-बाँकी अन्तिम पेजमा*

# आज शान्ति र विकासका लागि विश्व विज्ञान दिवस मनाइँदै



**पाल्पा,** कार्तिक २४/आज शान्ति र विकासका लागि विश्व विज्ञान दिवस मनाइँदैछ । शान्ति र विकासमा विज्ञानको आवश्यकता, भूमिका र उदीयमान वैज्ञानिक मुद्दाहरूमा छलफल गर्न हरेक वर्ष नोभेम्बर १० तारिखमा यो दिवस मनाउने गरिन्छ ।


नेपालमा पनि विभिन्न कार्यक्रम गरी दिवस मनाइँदैछ । सन् २००१ मा यूनेस्कोले यो दिवसको शुरुवात गरेको हो । सरकारले विज्ञान, प्रविधि र नवप्रवर्तनको माध्यमबाट बेरोजगारी समस्या सम्बोधन गर्न र देशमा औद्योगिक उत्पादकत्व बढाउँदै समृद्धि हासिल गर्ने उद्देश्य राखेको छ । समाजमा विज्ञानको महत्वपूर्ण भूमिका र वैज्ञानिक मुद्दाहरूको बहसहरूमा व्यापक जनता संलग्न गरी विज्ञानले हाम्रो दैनिक जीवनमा यसको महत्व र प्रासंगिकतालाई कसरी प्रभाव पार्दछ भनि बुझ्नको लागि संयुक्त राष्ट्र संघले यो दिवस मनाउन सुरु गरेको पाइन्छ । समाजको सकारात्मक परिवर्तन अर्थात् विकास आममानिसको चाहना हो । यही आवश्यकतलाई परिपूर्ति गर्न दिगो शान्ति र विकासको माध्यमद्वारा वातावरणीय संरक्षण गर्दै नवीनतम् विज्ञान र प्रविधिद्वारा समुन्नत समाज निर्माणमा २१ औं शताब्दीको विश्व अघि बढिरहेको छ ।

# तरकारी खेतीबाटै वार्षिक सात लाख आम्दानी

**रामपुर (पाल्पा),** कात्तिक २४/रामपुर नगरपालिका-६ स्थित प्याक्लुकका गंगा बस्यालले विसं २०७२ देखि व्यावसायिक तारकारी खेती गर्दै आएका हुन् । करिब १२ रोपनी क्षेत्रफलमा लगाएको तरकारी खेतीबाट उनले वार्षिक सात लाख आम्दानी गर्दै आएका छन् । आजभन्दा एक दशकअघि तरकारी खेतीबाट जीविकोपार्जन होला भन्नेमा बस्याल विश्वस्त हुन सकेका थिएनन् ।

सदरमुकाम तानसेनबाट टाढा रहेको रामपुर बजार ग्रामीण सहरका रुपमा मानिन्छ । तरकारीले बजार नपाए नोक्सानी हुने चिन्ताकाबीच उनले व्यवसाय विस्तार गर्दै जाने योजनासहित तरकारीखेतीमा लागे ।

अहिले तरकारीखेतीले बजार पाएपछि यसबाटै जीविकोपार्जन भइरहेको बस्यालको भनाई छ । वार्षिक रुपमा सबै खर्च कटाएर तरकारी बिक्रीबाट सात लाख आम्दानी हुने गरेको उनले बताए । बस्यालले स्थानीय बजारको अवस्था र ग्राहकको माग अनुसार तरकारी लगाउने गरेका छन् । उनले यहाँ आलु, काउली, बन्दा, गोलभेँडालगायत जातका तरकारीले



राम्रो बजार पाउने भएपछि सो जातका तरकारी उत्पादनमा जोड दिने गरेका छन् ।

बस्यालले दश रोपनी जग्गा १० वर्षका लागि वार्षिक ५० हजार बुझाउने गरी भाँडामा लिएको बताउँदै स्थानीय बजारमा तरकारीको खपत हुन थालेपछि व्यवसाय विस्तार गरी १२ रोपनी पुऱ्याएको बताए ।

तरकारी खेतीबाट परिवारको सबै खर्च र छोराछोरीको पढाइ खर्चसमेत व्यवस्थापन हुँदै आएको उनको भनाई छ । ठूला सहर तथा बजार पुग्ने सडक जोडिए पनि पक्की र व्यवस्थित सडक नहुँदा, रामपुर गाउँ भएकाले बजार सानो हुनु लगायतका कारणले केही समस्या भने हुने उनले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## विश्व विज्ञान दिवसको सन्देश

हरेक वर्षको नोभेम्बर १० तारिखमा शान्ति र विकासका लागि विश्व विज्ञान दिवस मनाउने गरिन्छ । आज पनि नेपालसहित विश्वभर यो दिवस मनाइँदै छ । सन् २००१ मा युनेस्कोको आह्वानमा विश्वभर यो दिवस मनाउन शुरु गरिएको थियो । समाजमा विज्ञानको महत्वपूर्ण भूमिका र वैज्ञानिक मुद्दाहरूको बहसहरूमा व्यापक जनता संलग्न गरी विज्ञानले हाम्रो दैनिक जीवनमा यसको महत्व र प्रासंगिकतालाई कसरी प्रभाव पार्दछ भनि बुझनको लागि संयुक्त राष्ट्र संघले यो दिवस मनाउन सुरु गरेको हो ।

शान्तिपूर्ण र दिगो समाजका लागि विज्ञानको भूमिकाबारे जनचेतना फैलाउँदै देशहरूबीच साझा विज्ञानको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय एकता निर्माण गर्नु दिवसको मुख्य उद्देश्य हो । हरेक दिवसको आ–आफ्नै उद्देश्य र महत्व रहेको हुन्छ । उनीहरुले दिने सन्देश हरेक दृष्टिकोणले सकारात्मक नै हुन्छ । विश्व विज्ञान दिवसको पनि आ–आफ्नै सन्देश, महत्व र उद्देश्य रहेको छ । विज्ञानकै माध्यमद्वारा वर्तमान समाजलाई सु–सूचित गराउँदै प्रविधिमूलक शिक्षा, स्वास्थ्य लगायत हरेक क्षेत्रको समृद्धि हासिल गर्नु गराउनु यस दिवसको प्रतिकात्मक सन्देश रहेको छ । समाजको सकारात्मक परिवर्तन अर्थात् विकास आममानिसको चाहना हो ।

यही आवश्यकतालाई परिपूर्ति गर्न दिगो शान्ति र विकासको माध्यमद्वारा वातावरणीय संरक्षण गर्दै नवीनतम् विज्ञान र प्रविधिद्वारा समुन्नत समाज निर्माणमा २१ औं शताब्दीको विश्व अघि बढिरहेको छ । तर पछिल्लो समयमा वैज्ञानिक प्रगतिलाई उचित तरिकाले उपयोग गर्न नसकेकै कारणले विश्वमा कतिपय मुलुकको राजनीतिक भविष्य अन्यौलमा परेको छ । जसले विज्ञानको सहि प्रयोग र उपयोग गर्न सकेको छ त्यस्ता मुलुकको विकासले ठूलो फड्को मारेको छ । तसर्थ विज्ञानको सही ढंगले उपयोग गर्न सकियो भने समाज र राष्ट्रको विकास र सम्वृद्धि सम्भव छ भन्ने कुराको सन्देश यो दिवसले दिने गरेको छ ।

### Opinion @ Social Network

म भित्र पनि अनेकौं कमि कमजोरी होलान तर एउटा खुबी पक्कै छ,
म कसैसंग स्वार्थको सम्बन्ध राख्दिन ।
*(सागर थापाको फेसबुक स्टाटस https://www.facebook.com/thapa.sagar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# श्रम निर्यात कि श्रमिक निर्यात ?



**डा. होमनाथ गैरे**

चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनामा नेपालले दुई खर्ब ६३ अर्ब रूपैयाँ रेमिटेन्स प्राप्त गरेको छ । यो रकमगत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५ प्रतिशतले बढी हो ।

गत आर्थिक वर्ष २०८०/८१ मा नेपालमा कुल १४ खर्ब ४५ अर्ब रूपैयाँ रेमिटेन्स भित्रिएको थियो । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार उक्त रकम आर्थिक वर्ष २०७९/८० को तुलनामा १६.५ प्रतिशत बढी हो । यसले नेपालमा प्रतिमहिना औसत एक खर्ब रूपैयाँभन्दा बढीका दरले रेमिटेन्स भित्रिने गरेको देखाउँछ । यो प्रवृत्ति बढ्दो क्रममा छ । सरकारबाट श्रम स्वीकृति लिएर कामदारका रूपमा विदेश जानेको संख्या र देश भित्रिएको रेमिटेन्सको तालमेल भने मिल्दैन । विद्यार्थी भिसामा विदेश जाने र गैरकानुनी रूपमा जानेको संख्या पनि निकै ठूलो छ । यस अवस्थामा देशले प्राप्त गरेको रेमिटेन्स श्रम स्वीकृति लिएर गएका श्रमिकको मात्र योगदान हो भन्न सकिँदैन ।

यो लेख भने नेपाली कानुन अनुसार श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने विषयमा केन्द्रित छ । नेपालको हकमा देशले प्राप्त गर्ने रेमिटेन्स र यहाँको वैदेशिक व्यापार (आयात-निर्यात) का बीचमा केही सम्बन्ध देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालले करिब १६ खर्ब रूपैयाँ बराबरको वस्तु तथा सेवा आयात गर्दा जम्मा साढे एक खर्बको मात्रै निर्यात गर्न सक्यो । आर्थिक वर्ष २०७८/७९ मा रेमिटेन्स आप्रवाह घट्दा विदेशी मुद्रा सञ्चितिमा संकुचन भई राष्ट्रिय ढुकुटीमै नकारात्मक असर परेको थियो ।

त्यसलाई व्यवस्थापन गर्न आयात नियन्त्रणसहित मौद्रिक नीतिमा कडाइको उपाय अवलम्बन गर्नुपरेको थियो । बैंक तथा वित्तीय संस्थाहरूको नाफा र समग्र वित्तीय प्रणालीमा लगानीयोग्य रकमको उपलब्धता पनि विदेशबाट प्राप्त हुने रेमिटेन्सबाट प्रभावित हुने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन् । यसरी विदेशमा काम गर्ने नेपालीहरूले पठाउने रेमिटेन्सको बढ्दो महत्त्वसँगै विशेष गरी नेपालको राजनीति, समाज र अर्थतन्त्रको सन्दर्भमा एउटा भाष्य बनेको छ - नेपाल श्रम निर्यात गर्ने देश हो, विदेशमा काम गर्ने श्रमिकले उनीहरूको पारिश्रमिक देशमा नपठाउने हो भने, नेपालको अर्थतन्त्र मात्रै होइन, समाज र राज्य संयन्त्र पनि चल्दैन । यसैसँग जोडेर भन्ने गरिएको छ - अर्थतन्त्र चलायमान गराउन, कर्मचारीले तलबभत्ता खान र नेताहरूले सुविधा भोग गर्न वा भ्रष्टाचार गर्न पनि देशबाट भइरहेको कथित श्रम निर्यात अझै व्यवस्थित गर्दै थप ज्याला प्राप्त हुने देशहरूमा श्रमिक पठाउनुपर्छ । सोहीअनुरूप सरकारले बढी ज्याला पाइने नयाँ श्रम-गन्तव्यहरू पहिचान गर्ने, श्रम-सम्झौता गर्ने र पहिल्यैदेखि नेपाली श्रमिकको गन्तव्य बनेका देशहरूसँग न्यूनतम पारिश्रमिक बढाएर नयाँ सम्झौता गर्ने रणनीति अवलम्बन गरेको देखिन्छ । हालै मलेसिया सरकारले गरेको श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि र नेपाली श्रमिकलाई त्यहाँको सामाजिक सुरक्षामा समावेश गर्ने घोषणा सम्बन्धी निर्णय, कतार सरकार द्विपक्षीय श्रम-सम्झौताका लागि लचक बनेको सन्दर्भ र दक्षिण कोरियामा थप श्रमिक पठाउने विषयमा भएको सहजता लगायतलाई नेपाल सरकारले आफ्नो रणनीतिक सफलताका रूपमा अर्थ्याएको छ । युएईमा घरेलु महिला कामदार पठाउन पाइलट परियोजना सञ्चालनह स्पेन र रोमानिया लगायत युरोपेली देशसँग श्रम-सम्झौताको तयारी र वैदेशिक रोजगारीमा जानेका लागि धितोबिना ऋण उपलब्ध गराउने जस्ता सन्दर्भ वर्तमान श्रममन्त्रीको सयदिने उपलब्धिका रूपमा प्रस्तुत गरिएको छ । सबै प्रदेशमा वैदेशिक रोजगार बोर्ड विस्तार गर्नेदेखि विदेशमा समस्यामा परेका कामदार-श्रमिकको उद्धार र राहतको विषय सोह्रौं आवधिक योजनामा प्राथमिकताका साथ समेटिएको छ । वैदेशिक रोजगारीका सम्बन्धमा स्थापित भाष्यअनुसार हेर्ने हो भने सरकारले रणनीतिक रूपमा थालेको पहलले नतिजा दिन थालेको देखिन्छ । तथ्यांकले पनि यस्तो संकेत गरेको छ । तथ्यांक केलाउने हो भने कोभिड-१९ महामारीको अवधिलाई अपवाद मान्दा हरेक वर्ष कामको खोजीमा विदेश जाने नेपालीको संख्या र उनीहरूले पठाउने रेमिटेन्स वृद्धिले यस्तै संकेत गर्छ ।

सरकारी तथ्यांकलाई नै आधार मान्ने हो भने पनि गत आर्थिक वर्ष २०७९/८० मा वैदेशिक रोजगारीका लागि पहिलो पटक श्रम स्वीकृति लिएर विदेश जाने नेपालीको संख्या ४० प्रतिशतले बढेर करिब तीन लाख पुगेको छ। पुन: श्रम स्वीकृति लिएर जाने करिब तीन लाख छन् । त्यसबाहेक सोही वर्ष श्रम स्वीकृति नलिई अवैध बाटो भएर जाने वा मापदण्ड नपुग्ने मुलुकहरूमा जाने र विद्यार्थी भिसामा जानेको संख्या पनि करिब साढे एक लाखको हाराहारी देखिन्छ ।

पढाइका लागि जाने र अवैध रूपमा जानेको तथ्यांक नभए पनि उनीहरूले पठाउने रेमिटेन्स बैंकमार्फत आएको खण्डमा उल्लिखित रेमिटेन्समा समावेश भएको हुन्छ । यसरी हेर्दा स्थापित भाष्यअनुसार वैदेशिक रोजगारी व्यवस्थापन वा प्रवर्द्धनका लागि सरकारले गरेको प्रयासको प्रतिफल त्यति आकर्षक देखिँदैन । यस पृष्ठभूमिमा वैदेशिक रोजगारीको भाष्य परिवर्तनको समय आइसकेको छ । यस विषयमा गम्भीरतापूर्वक ध्यान नदिने हो भने अबको केही वर्षमा परिस्थिति प्रतिकूल बन्ने प्रबल सम्भावना छ । यस्तो सम्भावनाबाट बच्न नीतिगत तहदेखि समुदायसम्म व्याप्त भ्रम र यथार्थको चिरफार आवश्यक छ ।

**श्रम निर्यात कि श्रमिक निर्यात ?**

अहिले वैदेशिक रोजगारीलाई श्रम निर्यातका रूपमा बुझ्ने गरिएको छ । यसै कारण वैदेशिक रोजगारी थप प्रवर्द्धन गरी अझै धेरै रेमिटेन्स भित्र्याउने रणनीतिमा सरकार र प्रमुख सरोकारवालाहरू लागेका होलान् । विश्व व्यापार संगठन (डब्लुटिओ) अन्तर्गत सेवा व्यापारका सन्दर्भमा स्थापित सिद्धान्तहरूले सेवा व्यापारका चार स्वरूप बताउँछन् ।

पहिलोमा स्वदेशमै बसेर अन्तर्देशीय अनलाइन प्रविधि माध्यमबाट विदेशमा विशेषज्ञ सेवा दिने काम पर्छ। दोस्रोमा विशेष काम वा पर्यटनको सिलसिलामा आएका विदेशी उपभोक्तालाई स्वदेशमा सेवा दिने काम पर्छ ।

तेस्रोमा संगठित संस्था वा कम्पनीले विदेशी भूमिमा शाखा वा सेवा केन्द्र खोलेर सेवा प्रवाह गर्ने र चौथोमा प्राकृतिक व्यक्ति स्वयं विदेशमा गएर काम-सेवा गर्ने स्वरूप पर्छ । यसरी डब्लुटिओले परिभाषित गरेअनुरूप नै नेपालबाट श्रम तथा सेवा निर्यात भएको भए नेपाल र नेपालीको अवस्था अहिले निकै राम्रो भइसकेको हुन्थ्यो होला । यथार्थ बिल्कुल फरक छ, यहाँ त श्रम होइन, श्रमिकहरू खुलेआम निर्यात भइरहेका छन् । यसरी वैदेशिक रोजगारीका नाममा भइरहेको श्रमिक निर्यातका कारण यहाँको सामाजिक अवस्था विकराल बन्दै गएको छ ।

**श्रमिक निर्यात मात्रै कि मर्यादित वैदेशिक रोजगारी ?**

वैदेशिक रोजगारीका स्थापित मान्यता आत्मसात् गर्दै श्रमिकको हित र मानव अधिकार रक्षासहित आधारभूत सीप वा विज्ञतायुक्त श्रम निर्यात हुनुपर्छ भन्ने बहस सुरू भएको धेरै भइसकेको छ । यसअनुसार काम भएको भए नेपालीहरूले विदेशी भूमिमा बन्धक बनेर, जघन्य हिंसा सहेर र कानुनी उपचार नपाएर पीडित हुनुपर्ने थिएन। मानवीय सहयोग र उद्धारसमेत नपाएरै मर्नुपर्ने थिएन । श्रमिकको साटो श्रम निर्यात गरिएको हुन्थ्यो भने श्रमिकलाई कुन देशमा के काम गर्न जाँदैछु वा कति पैसा खर्च गरेर कति कमाइ हुने काममा जाँदैछु, म जाने मुलुकमा के गर्न हुन्छ र के गर्न हुँदैन लगायतबारे थाहा हुने थियो। आधारभूत तालिम लिएको र सीप सिकेको हुने थियो ।

श्रम निर्यात गरिन्थ्यो भने यस्तो आधारभूत जानकारी नै नभएका र गन्तव्य मुलुकको भाषा बुझ्ने क्षमता समेत नभएका व्यक्तिलाई विदेशी भूमिमा जान प्रोत्साहित गरिने थिएन । वस्तुसरह श्रमिक निर्यात गरेर आएको रेमिटेन्सबाट देशको अर्थतन्त्र कतिसम्म धानिएला ! विद्यार्थी भिसामा विकसित मुलुकमा गएका हुन् वा लुकिछिपी अमेरिका गएका, ती सबैले केही वर्षमा ऋण तिर्छन् र परिवार पनि उतै पुऱ्याउँछन् । यस्ता व्यक्तिहरूबाट रेमिटेन्स आउँदैन । त्यस्तो परिवारबाट चल्तीको भाष्य अनुसारको वैदेशिक रोजगारीमा जाने व्यक्ति पनि बाँकी रहँदैन ।

**आर्थिक लाभ कि सामाजिक लागत?**

विद्यमान वैदेशिक रोजगारीबाट राष्ट्रले आर्थिक लाभ लिँदैछ कि सामाजिक लागत बेहोर्दै छ भन्ने विषयमा पनि बहस हुने गरेको छ । वैदेशिक रोजगारीले आर्थिक सशक्तीकरण र गरिबी न्यूनीकरणमा योगदान नगरेको पनि होइन तर त्योभन्दा बढी लागत बेहोर्नुपरेको छ । सुरूआती चरणमा उत्साहित भएर नयाँ श्रम गन्तव्यहरू खोजी गरियो, आप्रवासन नीतिमा सरलीकरण गरियो तर श्रमिक पठाउने काम बिस्तारै राजनीतिक दलका नेता र कार्यकर्ताहरूको व्यावसायिक साझेदारी (बिजनेस भेन्चर) का रूपमा प्रवर्द्धन गरियो ।

त्यसपछि युवा व्यवस्थापनको नाममा स्वदेशमै योगदान गर्न सक्ने दक्ष जनशक्ति पनि विदेश पलायन हुन प्रोत्साहित गरियो । शैक्षिक परामर्शका नाममा दलका नेता र कार्यकर्ताको अघोषित व्यावसायिक सञ्जाल सिर्जना गरियो । कुनै परिवारको कम्तीमा एक सदस्य वैदेशिक रोजगारीमा छैन भने त्यस परिवारले प्रगति गर्न नसकेको भन्ने सामाजिक संस्कार निर्माण गरियो । स्थानीय तहको निर्वाचनमा कतिपय प्रत्यासीहरूले आफूले जितेमा विदेश पठाइदिने भनेर पनि भोट मागे । यसरी हेर्दा वैदेशिक रोजगारीलाई आर्थिक रूपान्तरणको संवाहकका रूपमा परिभाषित गरेर प्रवर्द्धन गरेअनुसार राष्ट्रलाई आर्थिक लाभ हुन सकेको छैन ।

यसको समग्र लाभ-लागत अध्ययन र विश्लेषण नभएकाले सामाजिक लागत यति नै हो भन्न सकिँदैन तर समाजले वैदेशिक रोजगारीको लागत स्पष्ट देखिने गरी बेहोरेको छ । वैदेशिक रोजगारीका कारणले भएको सम्बन्ध विच्छेद, पारिवारिक विखण्डन, कलह, हत्या, हिंसा, आत्महत्या र शरीर बन्धक जस्ता घटनाका औपचारिक दस्तावेजहरू सर्सर्ती हेर्दा पनि त्यसको सामाजिक लागत थाहा हुन्छ । पारिवारिक विखण्डनले बालबालिकामा परेको मनोसामाजिक असरको लागत त बहसको विषय बनेकै छैन ।

अन्त्यमा, नेपालको आन्तरिक श्रम बजारको माग र आपूर्तिको विश्लेषणमा हाल नेपाल श्रमिक न्यून राष्ट्र हो । यहाँ यस्तो कुनै क्षेत्र वा पेसा छैन जहाँ विदेशी श्रमिकको भर पर्नु नपरोस्। कुनै ठाउँ छैन जहाँ विदेशी श्रमिक नपुगेको होस् । यसरी हेर्दा नेपालमा भित्रिएको रेमिटेन्सभन्दा बढी रकम बाहिरिएको हुन सक्छ । यसतर्फ पनि गतिलो अध्ययन भएको छैन । यो सबै सन्दर्भमा हेर्दा वैदेशिक रोजगारीलाई युवा व्यवस्थापनको साधनका रूपमा नलिएर आन्तरिक र वाह्य श्रम बजारका विविध पाटाहरूको समष्टिगत अध्ययन गरी वैदेशिक रोजगारी, यसको भाष्य र सामाजिक संस्कार परिवर्तनमा अर्थपूर्ण पहलकदम आवश्यक छ ।

*-सेतोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काम बिगार्नेको सक्रिय रहने देखिन्छ। नियमित खर्चसमेत बढ्ने योग छ । | **तुला** : बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ । समाज सेवामा मन लाग्नेछ । |
| **वृष** : मिष्ठान्न भोजन प्राप्त हुने योग छ। प्रेम जीवन पनि सफल रहनेछ । | **वृश्चिक** : लाभदायी यात्रा हुनेछ । अरुलाई प्रभावित पारेर काम पनि बन्ला । |
| **मिथुन** : रोकिएको कामको गाँठो फुक्नेछ। स्वादिष्ट भोजन पनि पाइएला। | **धनु** : मित्रले कुरा काट्नसक्छन्। आम्दानीको तुलनामा खर्च ज्यादा रहनेछ। |
| **कर्कट** : रमाइलो यात्राको योग रहेको छ । आफन्तबाट सहयोग प्राप्त हुनेछ। | **मकर**: आँटेको कार्य पुरा होला । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **सिंह** : आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अल्छीपना पनि बढ्नेछ । | **कुम्भ** : समाजसेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **कन्या** : आफन्तको सहयोग पाइने छ । साझेदारीबाट राम्रो प्रतिफल प्राप्त हुनेछ । | **मीन** : अधुरा कामहरू पुरा हुनेछन् । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। |

# कृषि

## सुन्तला छाडेर मौरीपालन



कुनै बेला जिल्लामै सबैभन्दा बढी सुन्तला उत्पादन गर्ने किसानका रूपमा चिनिएका मोदी गाउँपालिका-२ देउपुरस्थित कोरुङ्गाका टीकाराम तिमिल्सिनाले अहिले व्यावसायिक मौरीपालनबाट बर्सेनि रु ३५ लाख आम्दानी गर्न थालेका छन् । उनि सुन्तलाखेती छाडेर मौरीपालनमा आकर्षित भएका हुन् । घर अगाडिको बगैँचामा तीन सयभन्दा बढी सुन्तलाका बोट लगाएर गाउँमा ठूलो सुन्तला बगैँचा बनाएका तिमिल्सिना सुन्तलाका बोट मर्दै गएपछि समस्यामा परेका थिए । सुन्तलामा भविष्य नदेखेपछि उनि मौरीपालनतर्फ आकर्षित भएका छन् । सुरुमा उनले घरको आँगनमा केही मौरी पाल्न थाले । माहुरीको घार र महको माग बढ्न थालेपछि आफ्नो व्यवसायलाई विस्तार गर्दै लगेको तिमिल्सिनाले बताए । पहाडी भेगमा अनुकूल हुने 'एपि सेरेना' जातको मौरी पालेको भन्दै उनले यो व्यावसायबाट वार्षिक रु ३५ लाखसम्म आम्दानी हुने गरेको जानकारी दिए । किसान तिमिल्सिनाले भने, "यहाँ उत्पादन गरेको मह घरबाट नै बिक्री हुने गरेको छ । गुणस्तरीय मह भएकाले डुलाउँदै हिँड्नुपर्ने अवस्था छैन । मागअनुसार ग्राहकलाई पुऱ्याउन सकिरहेको छैन ।" विभिन्न पालिकाले अनुदानमा वितरण गर्ने घार र मौरीको स्रोतसमेत तिमिल्सिनाको फार्म बनेको छ । कृषि ज्ञान केन्द्र तथा गाउँपालिकाको समन्वयमा गत वर्ष मात्र उनले एक सयभन्दा बढी माहुरीका घार बिक्री गरेका थिए । घरवरिपरि मौरीका घारैघार छन् । बिहान उठेदेखि साँझ नपरुञ्जेल तीनै मौरीका घारको हेरचाह गर्ने उनको दिनचर्या हो । परिश्रम र मेहनत गर्ने हो भने गाउँमा बसेर पनि लाखौँ आम्दानी गर्न सकिन्छ भन्ने गतिलो उदाहरण तिमिल्सिनाले देखाएका छन् । विगत २४ वर्षदेखि व्यावसायिक रूपमा मौरीपालन व्यावसाय गर्दै आएका तिमिल्सिनाले वार्षिक रु ३५ लाखसम्म आम्दानी हुने जनाउँदै अहिले एक सयभन्दा बढी मौरीका घार रहेका बताए । सुरुका केही वर्ष चिसोका कारण ५० प्रतिशत घाटा व्यहोरेका तिमिल्सिनाले पछिल्ला वर्ष सोचे जति आम्दानी हुने गरेको बताए । उनले वर्षमा दुईपटक मह निकाल्ने गरेका छन् । विसं २०५७ देखि व्यावसायिक माहुरीपालन गर्न थालेका तिमिल्सिना जिल्लाकै नमूना मौरीपालक किसान हुन् । उत्पादित मह धेरै मात्रामा घरबाट बिक्री हुने गरेको बताउँदै तिमिल्सिनाले काठमाडौं, चितवन, बुटवललगायत बजारमा ब्राण्ड बनिसकेको जानकारी दिए । "कुश्माबजार, बागलुङ, काठमाडौं, पोखरा र बुटबललगायत क्षेत्रबाट पनि व्यवसायीहरू घरमा आएर खरिद गरी लैजाने गरेका छन्", उनले भने । विभिन्न संस्थाको सहयोगमा तालिम लिएपछि तिमिल्सिना मौरीपालनमा हौसिएका थिए । उनले महमात्र बिक्री गर्नु हुँदैन मौरीको घार र गोलासमेत बिक्री गर्ने गर्छन् । मौरीसहितको घार बिक्रीबाट बर्सेनि रु २० लाखभन्दा आम्दानी गर्छन । उहाँको व्यवसायमा श्रीमती र छोराछोरीले समेत सहयोग गर्ने गरेका छन् । मौरीसहितका घार प्रतिगोटा रु १० हजार र मह प्रतिकिलो रु एक हजारमा बिक्री गर्दै आएको उनले बताए । उनले एक सिजनामा सात क्विन्टलभन्दा बढी मह काढ्दै आएको अनुभव सुनाए । मौरीपालनमा अन्य पेसा जस्तो एकैपटकमा लाखौँ लगानी गर्न नपर्ने, आम्दानी भने उल्लेख्य हुने यस व्यवसायमा लागेकाहरू बताउँछन् । तरकारी खेती, पशुपक्षी तथा कुखुरापालनमा जस्तो निरन्तर खट्न पनि नपर्ने भएकाले मौरीपालनमा किसानको आकर्षण बढेको अगुवा किसान उमाकान्त शर्माले बताए । उनका अनुसार अहिले पर्वतका देउपुर, मल्लाज, भङ्गरा, कुर्घा, ठानामौला, पाङराङ, बाच्छा, लुङ्गुलगायत व्यावसायिक मौरीपालक किसानले बर्सेनि सय बढी मौरीसहितका घार उत्पादन गरेर बिक्री गर्दै आएका छन् । सोही अनुपातमा महसमेत उत्पादन भइरहेको छ । *-रासस*

## फोहरबाट मल उत्पादन




बजारीकरण र सहरोन्मुख क्षेत्रमा फोहर व्यवस्थापन चुनौतीको विषय हुने गर्दछ । फोहरको उचित व्यवस्थापन गर्न नसक्दा समस्या भेलिरहेकाहरूका लागि नवलपरासी ( बर्दघाट सुस्तापूर्व) नवलपुरको मध्यविन्दु सकारात्मक उदाहरण बन्न सक्दछ । मध्यविन्दु नगरपालिकाले फोहरको व्यवस्थापनसँगै जैविक मल उत्पादन गरी बिक्री सुरु गरेको छ ।

पालिकाले सङ्कलित फोहरमध्ये कुहिने फोहरबाट जैविक मल उत्पादन गरी बिक्री सुरु गरेको हो । यहाँ स्थापित केन्द्रबाट फोहर व्यवस्थापनसँगै हाल परीक्षणका रूपमा उत्पादन गरिएको र जैविक मल बिक्री सुरु गरेको नगरपालिकाका इन्जिनियर विवेक पोखे्रलले बताए । स्थानीयस्तरमा सङ्कलित फोहरलाई वर्गीकरण गरी कुहिने फोहरलाई जैविक मलको रूपमा उत्पादन परीक्षण सफल भएको र यसलाई नियमित रूपमा अघि बढाइने उनले जानकारी दिए । नगरपालिकाले उत्पादन गरेको जैविक मल नगरस्तरीय सरसफाइ प्रवर्द्धन समितिको निर्णयअनुसार प्रतिकिलोग्राम रु २२ मा बिक्री सुरु गरिएको इन्जिनियर पोखे्रलले बताए । नगरपालिकाको सरसफाइ कार्ड लिनेका लागि एक सय किलोसम्म मल खरिद गर्दा प्रतिकिलो रु पाँच छुट प्रदान गरिने उनले बताए । उत्पादित मल चोरमाराको कृषि विकास शाखा र उत्पादन केन्द्रबाट खरिद गर्न सकिने नगरपालिकाले जनाएको छ । "उत्पादित जैविक मल नेपाल सरकारले तोकेको मापदण्डअनुसारको रहेको छ । हामीले त्यसको परीक्षण गरेका छौँ, नाइट्रोजन, फस्फोरस र पोटासियमलगायत अन्य तत्वको मापदण्ड तोकिएअनुसारै छ", इन्जिनियर पोखे्रलले भने । जैविक मलले माटोको उर्वरा शक्ति बढाउने, वातावरण संरक्षणमा सहयोग पुग्ने, खाद्य उत्पादनमा टेवा पुऱ्याउने अपेक्षा रहेको मध्यविन्दु नगरपालिका प्रमुख भिमलाल अधिकारीले बताए ।

हिजोआज कृषि उत्पादनका क्रममा धेरै रासायनिक मल प्रयोग गर्ने क्रम रहेकाले त्यसलाई निरुत्साहित गर्दै जैविक मल प्रयोगलाई बढाउनसमेत यसले सहयोग पुग्ने अपेक्षा गरिएको उनको भनाइ छ । "हामीकहाँ अहिले कृषि उत्पादन गर्दा रासायनिक मल धेरै प्रयोग गर्ने, विषादी प्रयोग गर्ने गरिन्छ, यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक छ, यसका लागि जैविक मलको प्रयोग गर्न सकारात्मक सन्देश दिनसमेत सहयोग पुग्ने अपेक्षा छ", नगरप्रमुख अधिकारीले भने । मध्यविन्दु नगरपालिकाले-११, कुसुण्डेमा फोहर व्यवस्थापन तथा जैविक मल उत्पादन केन्द्र स्थापना गरिएको छ । गण्डकी प्रदेश सरकारको साझेदारीमा करिब रु चार करोड ३७ लाखको लागतमा फोहर व्यवस्थापनकार्य अघि बढाएको र यसैबाट जैविक मल उत्पादनसमेत सुरु गरिएको हो ।

मध्यविन्दुमा फोहोर व्यवस्थापनका लागि नगरपालिकाले घरबाट नै फोहरको वर्गीकरण अनिवार्य गरेको छ । कुहिने र नकुहिने गरी छुट्टाछुट्टै दिन फोहोर सङ्कलन गर्ने गरिएको छ । यसरी सङ्कलित फोहरमध्ये नकुहिने फोहरबाट पुन: प्रयोगमा आउने फोहोर छुट्टाएर बिक्री हुन्छ । कुहिने फोहरबाट जैविक मल उत्पादन गरी बिक्री गर्न थालिएको हो । *-रासस*

## कृषि विश्वविद्यालयको भवन बनाउन बजेट अभाव



बजेट अभावमा मधेस कृषि विश्वविद्यालयको भवन निर्माण कार्य प्रभावित भएको छ ।

राजविराजबाट सात किलोमिटरको दुरीमा रहेको कृषिनगरको साढे छब्बीस बिघा जग्गा विश्वविद्यालयले लिएको छ । त्यसमा १२ वटा भवन बनाउन करिब एक अर्ब रुपैयाँमा ठेक्का लागेको छ । १२ वटा भवनमध्ये पाँच वटा भवनको जगको कार्य सम्पन्न भई केही भवनको २ तलासम्म ढलानसमेत भइसकेको छ । तर अहिले बजेटको अभावमा भवन निर्माण कार्य अगाडि नबढ्ने अवस्था आएको विश्वविद्यालयले जनाएको छ । मधेस प्रदेश सरकारका शिक्षामन्त्री रानी शर्माले शनिबार सो विश्वविद्यालयको निरीक्षण गरिन् ।

सो क्रममा निर्माण व्यवसायी कम्पनीले आफूले गरेको कामको रकम नपाउँदा थप काम प्रभावित भएको गुनासो मन्त्री शर्मासमक्ष गरेको थियो । दसैँजस्तो चाडमा पनि काम गरेको पैसा नपाएको भन्दै ठेकेदार कम्पनीले अब तिहार र छठ पर्वमा पनि पैसा नपाए काम छाडेर जाने चेतावनीसमेत दिएको छ । भवन निर्माणका लागि १५० भन्दा बढी मजदुर लगाएर काम भइरहेकोमा अहिले रकमको अभावमा २० जनासम्म खटाउन मुस्किल भइरहेको ठेकेदार कम्पनीको गुनासो थियो । निर्माण व्यवसायीले दुई वटा किस्ता पाएको छैन । यो विश्वविद्यालयका लागि यस वर्ष प्रदेश सरकारबाट जम्मा १० लाख रुपैयाँ मात्र बजेट विनियोजन भएको छ । भवन निर्माण सकेर डेढ वर्षमा हस्तान्तरण गर्ने सहमति छ । त्यसका लागि कम्तीमा ५० करोड रुपैयाँ खर्च हुन्छ । तर हालसम्म बजेटको सुनिश्चितता नभएका कारण काम गर्न गाह्रो भइरहेको ठेकेदार कम्पनीको गुनासो थियो । त्यस क्रममा मन्त्री शर्माले भवन निर्माणको काम नरोक्न आग्रह गर्दै बजेटको व्यवस्था हुने आश्वासन दिएको विश्वविद्यालयले जनाएको छ । शिलान्यासकै समयमा भएको विवादका कारण विश्वविद्यालयको सबै कामकाज प्रभावित भएको थियो ।

भवन निर्माणको शिलान्यास जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले गरेपछि जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले विरोध जनाएका थिए । शिलान्यास स्थलमा समेत त्यतिबेला जनमत पार्टीले विरोध जनाउँदा झडपको अवस्थासमेत सिर्जना भएको थियो । त्यसपछि मधेस सरकारले विश्वविद्यालयको कुनै पनि कामकाज नगर्न निर्देशन दिएको थियो । छानबिन समितिको प्रतिवेदन आइसकेपछि मात्र विश्वविद्यालयले आफ्नो दैनिकी काम गर्न पाएको छ । तर सिनेट नबसेका कारण बजेट चलाउन गाह्रो भइरहेको विश्वविद्यालयको गुनासो छ । प्रदेश सरकारको शिक्षामन्त्री शर्माले सिनेट नबसुन्जेलसम्म नीतिगत खर्च गर्न विश्वविद्यालयलाई निर्देशन दिएकी छन् । तर विश्वविद्यालय अहिले पनि औपचारिक पत्रको प्रतीक्षामा रहेको विश्वविद्यालयका रजिष्ट्रार श्रीभगवान ठाकुरले बताए । उनले भने, 'हामीले मन्त्रीज्यूलाई मौखिक होइन, लिखित पत्र नै दिनुहोस् भनेका छौँ । सम्भवत: चाँडै चिठी आउला । चिठी आएपछि कामकाज गर्न सजिलो हुन्छ ।' मधेस प्रदेश सरकारको नेतृत्व सीके राउत नेतृत्वको जनमत पार्टीले गरेको छ । शिलान्यास काण्डको रिसले यसपटक विश्वविद्यालयको बजेट नै मधेस सरकारले कटौती गरेको छ । प्रदेश सरकारले विनियोजन गरेको १० लाख रुपैयाँले विश्वविद्यालयको प्रशासनिक खर्चसमेत नचल्ने देखिन्छ । मन्त्री शर्माले थप बजेटका लागि आफूले पहल गर्ने आश्वासन दिएको रजिष्ट्रार ठाकुरले बताए । मन्त्री शर्माले विश्वविद्यालयअन्तर्गत सञ्चालित कृषि महाविद्यालयको शैक्षिक अवस्था, कक्षाकोठा, परीक्षा नियन्त्रण कार्यालय, प्रयोगशाला, पुस्तकालय, अनुसन्धान फारम तथा र निर्माणाधीन विश्वविद्यालयको स्थलगत निरीक्षण गरेकी थिइन् । विश्वविद्यालयको जग्गामा गत वर्षदेखि सञ्चालनमा रहेको अनुसन्धानात्मक कार्यहरूमा हाल धान तथा बदाम परीक्षण कार्य भइरहेको छ । मन्त्री शर्माले अनुसन्धानात्मक कार्यको समेत अवलोकन गरेकी छन् ।

*-रातोपाटी डटकम*

## सार्वजनिक जग्गामा गाँजाखेती, प्रहरीले गऱ्यो नष्ट



पर्सा प्रहरीले सखुवाप्रसौनी गाउँपालिका-१ सिद्धपुरस्थित कोइलाभार साझेदारी वन क्षेत्रभित्रको १० कट्ठामा लगाइएको गाँजा नष्ट गरेको छ ।

इलाका प्रहरी कार्यालय एकटाँगा, प्रहरीचौकी रङ्गपुरटाडी र अस्थायी प्रहरी पोस्ट मनवाबाट बुधबार खटिएका प्रहरी र सशस्त्र प्रहरीबलको संयुक्त टोलीले गाँजाका बोट फँडानी गरे पनि त्यहाँ गाँजाखेती गर्नेको सुइँको पाउन सकेको छैन । पर्सा प्रहरीले पछिल्लो साता दिनहुँजसो गाँजाको खेती भएका ठाउँमा फँडानी गर्दै आएको छ । पर्सा प्रहरीले गाँजाखेती भएका स्थानको फँडानी गरे पनि त्यसको खेतीमा संलग्नलाई भने पक्राउ गरेको छैन । पर्सा प्रहरी प्रमुख कुमोध ढुङ्गेलले सार्वजनिक वन तथा सार्वजनिक जग्गामा गाँजाखेती भएकाले पनि गाँजाखेतीमा संलग्न हुनेलाई पक्राउ गर्न नसकिएको दाबी गरे । "पर्साका विभिन्न ठाउँमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त रुपमा गाँजाखेती भएका स्थानको पहिचान गरेर फँडानी गर्दै आइरहेका छौँ", उनले भने, "अहिलेसम्म पेसेवर रूपमा गाँजाखेती गर्ने को भने पहिचान हुन सकेको छैन ।"

यद्यपि पर्सा जङ्गलमा जोडिएका ग्रामीण भेगमा भने व्यावसायिक रुपमा नै गाँजाको खेती हुने गरेको छ । प्रहरीले ग्रामीण भेगमा जङ्गल नजिकका बस्तीमा गाँजाका केही बोट नष्ट गरे पनि स्थानीयको पहिचान गरेर कारबाही प्रक्रिया अघि नबढ्दा गाँजाखेती मौलाएको छ । पर्सा प्रहरीले कात्तिक १० गते पनि पर्सागढी नगरपालिका वडा नम्बर १ झबराहमा पनि दुई बिघा क्षेत्रफलमा लगाइएको करिब १५ हजार गाँजाका बोट फँडानी गरेको छ । गत कात्तिक ७ गते पनि पर्सा प्रहरीले पटेवासुगौली गाउँपालिका वडा नम्बर २ थरकटीमा एक बिघा क्षेत्रफलमा लगाइएको करिब सात हजार गाँजा नष्ट गरेको छ । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले गाँजा विभिन्न मञ्चमा छलफल र बहसको विषय भए पनि हालसम्म कानुन बनिनसकेकाले यसको कारोबार र खेती अवैध भएकाले प्रचलित कानुनको पालना गराउनु आफ्नो कर्तव्य भएको बताए ।

*-हाम्राकुरा डटकम*

# आज महागुरु फाल्गुनन्द जयन्ती



**पाल्पा,** कार्तिक २४/राष्ट्रिय विभूति तथा किराँत धर्मावलम्बीका महागुरु फाल्गुनन्दको १ सय ४० औं जन्मजयन्ती आज विविध कार्यक्रम आयोजना गरी मनाइँदैछ ।

किरात धर्मावलम्बीहरूले यो जयन्ती विशेष गरी कोशी प्रदेशका जिल्लाहरूमा मनाउने गरेको पाइन्छ । यद्यपि अन्य समुदायमा पनि फाल्गुनन्दप्रतिको उत्तिकै श्रद्धा र आस्थाका साथ उनको जन्म जयन्ती मनाइन्छ । वि.सं १९४२ कात्तिक २५ गते इलाममा सामान्य परिवारमा फाल्गुनन्दको जन्म भएको थियो । किराँत, भाषा, लिपि, संस्कार, संस्कृति एवं समाज सुधारमा उहाँको महत्वपूर्ण योगदान रहेको छ । समाज सुधारका लागि फाल्गुनन्दले नीति निर्माण समेत गरेका थिए । जसलाई सत्य धर्म मुचुल्का भनिन्छ । यो १९८८ साल वैशाख २४ गते जारी गरिएको थियो । किराँत समाज सुधारका लागि नीति समेत निर्माण गरी योगदान गरेका फाल्गुनन्दको निधन वि.सं २००५ मा भएको हो । किराँत समाज सुधारमा उनले पुऱ्याएको योगदानको कदर गर्दै उनलाई २०६६ मङ्सिर १६ गते सरकारले राष्ट्रिय विभूति घोषणा गरेको थियो । उनको योगदानको कदर गर्दै किराँती समुदायको बसोबास रहेको पूर्वी पहाडी जिल्लाहरू ताप्लेजुङ, तेह्रथुम, पाँचथर, इलाम, झापा लगायतमा फाल्गुनन्द जयन्ती मनाउने गरिन्छ ।

# दुई वर्षपछि...

...शनिवार रातिदेखि नेपाल एयर लाइन्सले काठमाडौं-भैरहवा-दुबई-काठमडौं सातामा चार दिन आइतबार, सोमबार, बुधवार र शुक्रवार उडान गर्ने तालिका रहेको सूचना अधिकारी र ाउतले बताए । त्यस्तै संयुक्त अरब इमिरेट्स (युएई) फ्लाई दुबईले शनिवार मध्यान्हदेखि साताको सातै दिन दुबई-भैरहवा-काठमाडौं-दुबई एक उडान गर्ने छ । नेपाल एयरलाइन्ससहित अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरुले उडान भर्न थालेपछि स्थानीय सरोकारवाला हौसिएका छन् ।

नियमित रुपमा अन्तर्राष्ट्रिय उडान हुन थालेपछि यहाँको पर्यटन क्षेत्रमा फड्को मार्ने धेरैले विश्वास लिएका छन् । यहाँबाट नियमित अन्तर्राष्ट्रिय उडान गर्ने हवाई सेवा कम्पनीको संख्या चार पुगेको छ ।

साथै थाई एयर एसियाले शुक्रबार दोस्रोपटक भैरहवाबाट बैंकक उडान सञ्चालन गरेको थियो । उसले कात्तिक १८ गतेदेखि व्यावसायिक उडान सुरु गरेको हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतिको काम शुक्रबार रातिदेखि सुरु भएकाले गौतमबुद्ध विमानस्थलमा धमाधम अन्तर्राष्ट्रिय उडान सञ्चालन हुन थालेको हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले यही कात्तिक २३ गतेदेखि दैनिक १० घण्टा उडान बन्द गरेर करिब पाँच महिना विमानस्थल विस्तार गर्न लागेको हो ।

# तरकारी खेतीबाटै...

...'भविष्यमा यो व्यवसायले आयआर्जनको बलियो माध्यम बनाउन सकिन्छ भन्ने सोचका साथ तरकारीखेती सुरु गरेँ, तरकारीबाट सोचेजस्तै आम्दानी भइरहेको छ', बस्यालले भने, 'हाम्रो परिवारको जीविका राम्रैसँग चलेको छ, यस व्यवसायबाट हामी सन्तुष्ट छौँ ।"

पहिले स्याङ्जाको वालिङ, गल्याङलगायत विभिन्न बजारमा लगेर तरकारी बिक्री गरेको स्मरण गर्दै उनले अहिले भने उत्पादित तरकारीले रामपुरमा नै खपत भइरहेको जानकारी दिए । उनको व्यवसायमा श्रीमती राधिका बस्यालले सघाएकी छन् । श्रीमान् श्रीमती दुवैजना तरकारी खेतीमा आवद्ध छन् । उनीहरुको यो व्यवसाय देखेर अहिले गाउँघरमा छिमेकीले पनि तरकारी लगाउन थालेका छन् । बारी हरिया तरकारीले ढाकिएका छन् । उनको बारीमा अहिले काउली, बन्दा, आलु, सागमुला, धनियालगायत सागसब्जी तयार हुँदैछन् । गत भदौमा मात्रै एक रोपनी जग्गामा लगाएको काँक्राबाट एक लाख आम्दानी भएपछि व्यवसायमा हौसला थपिएको राधिकाले बताइन् । 'तरकारीखेती थालेपछि वरिपरि हरियाली भएको छ । गाउँमा विस्तारै पहिचान पनि बन्दै गएको छ । अहिले बजारको समस्या छैन, व्यापारीले घरमा आएर खरिद गरेर तरकारी लैजान्छन्', उनले भनिन् । बर्सेनि तरकारीका साथै बिरुवासमेत उत्पादन गर्न थालेको राधिकाको भनाइ छ । उनका अनुसार करिब एक रोपनी जग्गामा मौसमी तथा बेमौसमी जातका तरकारीका बिरुवा उत्पादन भइरहेका छन् । पछिल्लो समय यहाँको बजार बढ्दै गएपछि निर्वाहमुखी खेती गर्ने किसानले पनि व्यावसायिक तरिकाबाट खेती गर्न थालेका रामपुर नगरपालिकाका कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले बताए । व्यावसायिक खेतीमा जोड दिने किसानलाई नगरपालिकाले खेती गर्ने प्रविधिसम्बन्धी तालिम, गोष्ठी, बिउबिजन, उपकरण तथा प्राविधिक सेवा दिँदै आएको उनले जानकारी दिए । *-रासस*

खेलकुद समाचार

## नेपाल युएईसँग १३ रनले पराजित



**काठमाडौं,** कार्तिक २४/१९ वर्षमुनिको महिला विश्वकपको एशिया छनोटको तेस्रो खेलमा नेपाल घरेलु टोली युएईसँग १३ रनले पराजित भएको छ । युएईले दिएको एक सय २३ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर एक सय नौ रन मात्र बनाउन सक्यो ।

नेपालका लागि कप्तान पुजा महतोले सर्वाधिक ४८ रन बनाइन् । साना प्रविन र सोनी पाखिनले समान १९ तथा ज्योत्सिका मरासिनीले अविजित ११ रन बनाइन । युएईका मेहक ठाकुर, लाभन्या केन्य र इदुजा नन्दकुमारीले समान एक विकेट लिए । त्यसअघि युएईको अजमानमा टस जितेर ब्याटिङ गरेको युएईले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय २२ रनको बनाएको थियो ।

युएईका लागि रनिथा रजिथाले सर्वाधिक ४८ रन बनाइन् । नेपालका लागि रिया शर्माले तीन तथा सिमाना केसी, पुजा महतो र कृष्मा गुरुङले समान एक विकेट लिए । जीतसँगै युएई तीन खेलमा छ अंकसाथ तालिकाको शीर्ष स्थानमा रहेको छ । नेपाल समान खेलमा चार अंकसहित दोस्रो स्थानमा छ । प्रतियोगितामा आयोजक युएईसहित नेपाल, कुवेत र थाइल्याण्ड सहभागी छन् । सहभागी चार टोलीमध्ये शीर्ष स्थान हासिल गर्ने टोली आइसीसी १९ वर्ष मुनीको महिला टि-२० विश्वकपका लागि छनोट हुनेछ । १९ वर्षमुनीको विश्वकप क्रिकेट प्रतियोगिता अर्को वर्ष जनवरीमा मलेसियामा आयोजना हुँदैछ ।


वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## फेडले घटायो ब्याजदर



**काठमाडौं,** कार्तिक २४/अमेरिकी केन्द्रीय बैंक फेडेरल (फेड) रिजर्भले ब्याजदर घटाएको छ । बैंकले सन्दर्भ ब्याजदर ०.२५ आधार बिन्दुले घटाएको हो ।

सो विन्दुले घटाएपछि अब ४.५ प्रतिशतदेखि ४.७५ प्रतिशतसम्म कायम भएको हो । यसअघि ४.७५ प्रतिशतदेखि ५ प्रतिशत रहेको थियो । आर्थिक वृद्धिदर सुधार देखिएको, मुद्रास्फीति सन्तुलनमा रहेको, आर्थिक वर्षको सुरुवातबाट नै श्रम बजार सामान्य रहेकाले ब्याजदर घटाइएको बैंकले जनाएको छ । फेडले एक प्रेसनोट जारी गर्दै मुद्रास्फीति मौद्रिक समितिको लक्षित सीमा दुई प्रतिशतमा आउनेमा प्रगति भइरहेको भए पनि अझै केही माथि रहेको जनाएको छ । अमेरिकी केन्द्रीय बैंकको मौद्रिक समितिले दिर्घकालीन रुपमा अधिक रोजगारी र मुद्रास्फीति २ प्रतिशत कायम राख्ने लक्ष्य राखेको छ । कोभिड र रसिया युक्रेन युद्धपछि अन्तर्राष्ट्रिय आपूर्तिमा देखिएको असरले बढेको मुद्रास्फीति नियन्त्रण गर्न बैंकले ब्याजदर बढाउँदै लगेको थियो । सन्दर्भ ब्याजदर ५.२५ देखि ५.५ प्रतिशतसम्म पुऱ्याएको फेडेरल रिजर्भले २०२४ सेप्टेम्बरमा ०.५ आधार बिन्दु र नोभेम्बरमा पुनः ०.२५ आधार बिन्दुले घटाएको छ ।अमेरिकी ब्याजदर परिवर्तनले अमेरिकी उत्पादनको लागत तथा मूल्य, कच्चा तेल, सुन, मुद्रा विनियमदरजस्ता विषयलाई प्रत्येक्ष प्रभाव पर्ने भएकाले यसको असर नेपालसहित अरु मुलुकहरूमा पर्न जान्छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई